माई नगरपालिका

# स्थानीय राजपत्र

खण्डः १ संख्याः ३ मितिः २०७५/०१/०६

भाग- २

माई नगरपालिका

# आर्थिक सहायता वितरण कार्यविधि

# २०७५

**माई नगरपालिका, नगर कार्यपालिकाबाट पारित मिति २०७५/०१/०५**

**प्रमाणीकरण मिति २०७५/०१/०५**

## प्रस्तावनाः

श्री माई नगरपालिका नगरकार्यपालिकाको मिति २०७४ /१०/१० नवौ वैठक बाट पारित निर्णय अनुसार माई नगरपालिकामा माग हुने आर्थिक सहयता वितरणलाई व्यवस्थित बनाउन सिमित स्रोत र साधनलाइ उचित रुपमा प्रयोग गर्दै आर्थिक सहयता वितरणलाई वास्विक , उपयोगि र परदर्शी ढंगवाट गर्ने कार्यको लागि यो कार्यविधि तयार गरिएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः यस कार्यविधिको नाम माई नगरपालिका आर्थिक सहायता वितरण कार्यविधि २०७५ रहनेछ। यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क. आर्थिक सहायता भन्नाले कुनै पनि किसिमको दैविक वा मानवीय कारणबाट जीउज्यान, धनजन, चौपाया र अन्य सम्पत्ति क्षति भएको व्यक्तिलाई नगरपालिकाबाट प्रदान गरिने आर्थिक सहयोग भन्ने बुझाउँछ।

ख. दैवी विपत्ति भन्नालेः भुकम्प, बाढी, पहिरो, चट्याङ, हुरी बतास जस्ता प्रकोप भन्ने बुझाउँछ।

ग. मानवीय विपत्ति भन्नालेः मानिसका कारणबाट भएको आगलागी, माहामारी, हुलदंगा जस्ता विपत्ति भन्ने बुझाउँछ।

घ. दीर्घ रोग भन्नालेः क्यान्सर, मुटुरोग,मृगौला र एच आइ भी एड्स आदि पर्दछन्।

## परिच्छेद -२
## दैवी प्रकोप तथा मानवीय संकटहरु

माई नगरपालिका इलाम भौगोलिक, अर्थिक, सामाजिक र साँस्कृर्तिक विविधताको नगरपालिका भएकाले यस नगरपालिका क्षेत्र भित्र आईपर्न सक्ने विपत तथा संकटहरु निम्न अनुसार रहेका छन्

**१ दैवि तथा प्रकृतिक कारण र जसवाट उत्पन्न हुने संकटहरु**

क . भुकम्प

ख . वाढी पहिरो

ग . चट्याङ

घ . हुरी वतास

**२ मानवीय कारण**

क. आगलागी

ख .वेवारीसे मानिस

ग. माहाँमारी

**३ दुर्घटना**

क. करेन्ट , सधन तथा औजार

ख. विषालु पदार्थ सेवन

ग .घरपालुवा तथा जनवारको आक्रमण

**४ दीर्घरोग**

क क्यन्सर

ख मृगौला

ग मुटु रोग

घ एच आइ भि एड्स पुन स्थापना

## परिच्छेद-३

## सहायता रकम

परिच्छेद-२ मा उल्लेखित संकटहवरु पूर्ण रुपमा समाधान गर्न नसिकने र न्यूनीकरणका उपायहरु अपनाउदा अपनाउदै गर्दा समेत संकट आइपर्ने र उक्त संकट ब्यवस्थापन गर्न केही आर्थिक तथा भौतिक सहयता प्रदान गर्न सकेमा समाज र ब्यक्तिलाइ केहिमात्रामा भएतापनि राहात पुग्ने महशुस गर्दै तपशिल अनुसारको शीर्षकमा तपिशल अनुसार आर्थिक सहायता प्रदान गरिनेछ ।

**क. <u>मृत्यु भएमा मृतकका परिवारका लागि तत्काल राहत पुग्ने गरी</u>**

| कारण | सहायता गर्न सकिने रकम |
|---|---|
| आगलागी | काज कृया खर्च प्रति ब्यक्ति १५०००। |
| दुर्घटना (करेन्ट , चट्याङ, साधन तथा औजारबाट, | ,, १५०००। |
| रुख खोलानाला, भीरपहिरो आदि) | ,, १५०००। |
| दैवि प्राकृतिक विपत्ति | ,, १५०००। |

| | |
|---|---|
| वेवारिसे मानिस (बाहिरबाट आएको वा नपा | दहाँ संकार १५०००। |
| न पा भित्रको ठाउँठेगाना खुल्नेगरी बाहिर गएर मरेको) | ,, १५०००। |
| न पा को वैदेशिक रोजगारका क्रममा मृत्यु भएको | ,, १५०००। |
| विषालु पदार्थ सेवन (जस्तै पानीमा वीष परेको ) | ,, १५०००। |
| जनवारबाट क्षति (हात्ती, सर्प, वाघ, भालु , कुकुर आदि) | ,, १५०००। |

**क.१. वितरणका आधारहरु**

क .प्रहरी सर्जमिन मुचूल्का

ख .प्रकृति अनुसारको वडा कार्यालयको सिफारीस पत्र

ग . निवेदन

**ख. घाइते तथा उपचारको क्रममा रहेको**

| कारण | सहायता गर्न सकिने रकम | |
|---|---|---|
| | गम्भिर | सामान्य |
| जनवार आतङ्क | १००००। | ५०००। |
| आगलागी | १००००। | ५०००। |
| बाढी पहिरो | १००००। | ५०००। |
| हुरी बतास | १००००। | ५०००। |
| चट्याङ | १००००। | ५०००। |
| मानवीय र दैविक तथा प्राकृतिक विपत्ति | १००००। | ५०००। |

**ख.१. वितरणका आधारहरु**

क. विरामि दर्ता पूर्जा prescreption

ख .प्रकृति अनुसारको वडा कार्यालयको सिफारीस पत्र

ग. सम्वन्धि विरामि वा संरक्षकको निवेदन

**ग. <u>गम्भीर प्रकृतिका रोगिहरु (</u>रोगि उपचार उपचारको क्रममा हुनुपर्ने)**

| **रोगका प्रकारहरु** | **सहायता गर्न सकिने रकम** |
|---|---|
| क्यान्सर | १००००। |
| मृगौला | १००००। |
| मुटु | १००००। |
| एच आइ भी एड्स | १००००। |
| दम | २५००। विमा प्रोत्सहानको लागि विपन्न परीवारका लागि मात्र |
| मधुमेह | २५००। ,, |
| उच्च रक्तचाप | २५००। ,, |
| पथरीया आदी | २५००। ,, |

**घ. घरबास क्षती**

**घ.१. कारण**

जनवार आतङ्क, आगलागी, बाढी पहिरो, हुरी बतास, चट्याङ तथा मानवीय र दैविक तथा प्राकृतिक विपत्ति आदि का लागि स्थलगत सर्नमिन मुचूल्का र वडा कार्यालयको सिफारीसको आधारमा

१. पूर्ण १५०००।

२. आंशिक ५०००।

माथि उल्लेखित विषयमा परेका वा छुट भएका जुनसुकै विषयहरु आएमा र नगर प्रमुखलाई मनासिव लागेमा नगर प्रमुखको आदेशवाट रु २५००। सम्म भुक्तानि दिन सकिनेछ।

आज्ञाले,

नाम  कालिदास ढकाल
प्रमुख प्रशासकीय अधिकृत